# वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## वालिङ, स्याङ्जा
## ४ नं. प्रदेश, नेपाल

## नगरपालिकाको मोबाइल एप तथा वेब एप (Mobile App and Web App) निर्माणको लागि प्राविधिक तथा आर्थिक प्रस्ताव सम्बन्धी सूचना ।

पुनः प्रकाशित मिति: २०७५/०३/१९

यस वालिङ नगरपालिकामा सेवाग्राहीहरुलाई अनलाईन सेवा दिनुपर्ने भएकोले तपशिल बमोजिमको सेवा दिनका लागि इच्छुक फर्म/संस्था वा कम्पनीले ७ दिन भित्र प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक योग्यता पुगेका फर्म/संस्था वा कम्पनीले तोकिएको ढाँचामा आर्थिक र प्राविधिक प्रस्ताव पत्र निम्नानुसारको कागजात सहित पेश गर्नुपर्नेछ ।
   - आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गरी पेश गर्नुपर्नेछ ।
   - प्राविधिक प्रस्ताव मूल्याङ्न गरिसकेपछि मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।
   - संस्थाको विस्तृत विवरण सत्य एवम् पूर्ण रहेको हुनुपर्ने ।
   - संस्थाको कानुनी दर्ता (दर्ता नवीकरण, भ्याट/पान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र आदि) संलग्न हुनुपर्ने ।
   - संस्थाको प्रोफाईल तथा कामको अनुभव विवरण ।
   - संस्थाको विगत ३ वर्षको वित्तीय कारोबार सम्बन्धी विवरण ।
   - संस्था कालो सूचीमा नपरेको स्वघोषित पत्र ।
   - विगत ५ वर्षमा गरेका समान प्रकृतिको काम र स्थानको विवरण ।
   - संस्थाको प्रमुख तथा आवद्ध पेशागत विज्ञ व्यक्तिहरुको व्यक्तिगत विवरण तथा कार्यानुभवको क्षेत्र आदि ।

२. इच्छुक आवेदक फर्म/संस्था वा कम्पनीले आर्थिक तथा प्राविधिक प्रस्ताव सम्बन्धी कागजात विस्तृत अध्ययन गरी उल्लेखित विवरणहरु भरी आवश्यक कागजात संलग्न गरी शिलबन्दी गरी खामको बाहिर नाम, ठेगाना, फोन नं. र विषय उल्लेख गरी यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समय भित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट पेश गर्न सकिनेछ । म्याद र रित पुर्याई दर्ता हुन आएका प्रस्ताव पत्र ८औं दिनको २:०० बजे वालिङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।

४. म्याद नाघी आएका तथा रीत नपुगेका प्रस्ताव पत्र स्वीकार गरिने छैन ।

५. आवेदक संस्थाको आधिकारिक कागजात तथा प्रमाण, कार्य अनुभव र आर्थिक, भौतिक तथा मानवीय संशाधनको अवस्थालाई आधार मानी प्रस्ताव मूल्याङ्कन गरिनेछ ।

६. आर्थिक तथा प्राविधिक प्रस्ताव मूल्याङ्कनका आधारहरु तोकिए बमोजिम हुनेछ ।

७. यस आर्थिक तथा प्राविधिक प्रस्ताव पत्र आव्हान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम हुनेछ ।

**तपशिल**

सेवाग्राहीलाई अनलाईन सेवा दिने उद्धेश्यले मोबाईल र वेब (Mobile App and Web App) दुवैमा चलाउन मिल्ने गरी तल उल्लेखित सुविधाहरु समेट्ने गरी तयार पारिएको सफ्टवेयर सिस्टम ।

१. वडा तथा नगरपालिकाबाट दिईने सम्पूर्ण सिफारिसहरु अनलाईन निवेदन दिन मिल्ने र सोको भूक्तानी अनलाइन (e-Sewa/e-banking) बाटै मिलाउनुपर्ने साथै सेवाग्राहीले सिफारिसहरु अनलाईनबाटै प्राप्त गर्ने ।
२. नक्सापासको सम्पूर्ण कागजातहरु डिजीटल डाटावेसमा राख्न मिल्ने र नक्सापास प्रक्रिया अनलाईन सिस्टमबाटै भई सेवाग्राहीले प्राप्त गर्ने ।
३. एकीकृत सम्पत्ति करको भूक्तानी अनलाईन सिस्टमबाट (e-Sewa/e-banking) बाट सञ्चालन गर्नुपर्ने । पहिलेदेखि सञ्चालनमा आएको सफ्टवेयरको API प्रयोग गर्न सकिने गरी निर्माण गर्ने साथै भुक्तानीको अपडेट सिस्टममा जग्गाको कित्ता अनुसार गराउनुपर्ने ।
४. योजनाहरुको भूक्तानी प्रक्रिया अनलाईनबाटै दिन मिल्ने गरी बनाउनुपर्ने । योजनाहरुको प्रगतिको अपडेट Real Time मा प्राप्त गर्न सकिने गरी डिजाईन गर्नुपर्ने ।
५. Resource Mapping/GIS को डाटाहरु Web based गर्नुपर्ने ।
६. कर्मचारी बीच काम गर्ने समयमा कुरा गर्न मिल्ने गरी Chatting Module राख्नुपर्ने ।
७. केन्द्रीय पञ्जीकरण विभागबाट सञ्चालनमा आएको VERSS-MIS पनि सोही मोबाईल एप मार्फत सञ्चालनमा ल्याउनुपर्ने ।
८. अहिले प्रयोगमा रहेको वेबसाईटको डाटाहरु नयाँ App मा sync हुने गरी डिजाईन गर्नुपर्ने ।
९. समयअनुसार अन्य मोड्युलहरु थप्दै जाने सुविधा (शिक्षा, स्वास्थ्य, सहकारी, कृषि आदि ) ।
१०. डाटाको सुरक्षाको लागि Security Policy and Architecture उल्लेख गर्नुपर्ने ।

**प्रमुख प्रशासकीय अधिकृत**